तीनपाटन गाउँपालिकाको गरिमामय गाउँ सभाका सभाध्यक्षज्यू,
गाउँ सभा सदस्यज्यूहरु,
गाउँ सभाका सचिवज्यू,
उपस्थित कर्मचारीज्यूहरु।

सभाध्यक्षज्यू,
सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्न तथा नागरिकलाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु हुने ज्ञात/अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। त्यसैगरी बेपत्ता नागरिकको खोजी तथा घाइतेको शीघ्र उपचारको लागि सम्बन्धित सरोकारवालासँग अपिल गर्न चाहन्छु। उहाँहरूकै त्याग र बलिदानले आज हामी सबै यस गरिमामय सभामार्फत आफ्ना नीति तथा कार्यक्रमलाई बजेट मार्फत कार्यान्वयन गर्न सक्षम भएका छौं।

नागरिकको आँगनको सरकार नै स्थानीय सरकार हो। नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेर सार्वजनिक सेवा प्रवाह गर्दै गर्दा नागरिकबाट कहिले ताली तथा कहिले गाली पनि खाइन्छ। यो स्वभाविक प्रक्रियापनि हो। नागरिकका अपेक्षा र आवश्यकता असीमित छन्। हामीसँग स्रोतसाधन सीमित छ। न्यूनतम स्रोतसाधनबाट बढीभन्दा बढी नागरिकका आवश्यकता र अपेक्षा सम्बोधन गर्नु हाम्रो दायित्व र जिम्मेवारी छ। नेपालको संविधान, अन्य सङ्घीय/प्रादेशिक/स्थानीय कानूनले सुम्पेको जिम्मेवारी, दिगो विकास लक्ष्य, राष्ट्रिय/प्रादेशिक/स्थानीय आवधिक योजना तथा गाउँपालिकाको आफ्नो नीति तथा कार्यक्रमले निर्धारण गरेको क्षेत्रमा हाम्रो वार्षिक बजेट निर्देशित हुनु पर्छ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त अनुदानमा आएको कमीका कारण गाउँपालिकाको स्रोत निकै नै साँघुरिएको छ। दुर्गम र पहाडी भेगमा अवस्थित यस गाउँपालिकामा पर्याप्त मात्रामा आर्थिक गतिविधिहरु नहुँदा यहाँको आन्तरिक आम्दानी पनि निकै दयनीय अवस्थामा रहेको छ। गाउँपालिकाका लागि माथिल्ला सरकारबाट उपलब्ध बजेट र गाउँपालिकाको आफ्नो स्रोतसाधनको प्रयोग गरी आगामी आर्थिक बर्षको बजेट तयार गरी यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महसुस गरेको छु।

सभाध्यक्षज्यू,
अब म तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८१ साल असार ०५ गतेको बैठकले निर्णय गरी सभा समक्ष पेस गरेको तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को कुल आय र व्यय अनुमान, विनियोजन विधेयक, २०८१ र आर्थिक विधेयक, २०८१ यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

तीनपाटन गाउँ कार्यपालिकाको कार्यालय 2073

कुल आय अनुमान तर्फः

(क) गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने आय तर्फ-

| सि.नं. | आय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ११४९०० | |
| २ | राजस्व बाँडफाँड (नेपाल सरकार) | १२८७०० | |
| ३ | वित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ११५३० | |
| ४ | सवारीसाधन कर बाँडफाँड (प्रदेश सरकार) | ४४३७७.३५ | |
| ५ | रोयल्टी बाँडफाँड (सामुदायिक वन) | ३००० | |
| ६ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | २५०० | |
| ७ | दहत्तर बहत्तर बाँडफाँड (प्रदेश सरकार) | ५००० | |
| ८ | आन्तरिक आय | ३७०९८ | |
| ९ | अल्या बैंक मौज्दात | नरहेको | |
| | जम्मा (क) | ३४७१०५.३५ | |

(ख) नेपाल/प्रदेश सरकारबाट प्राप्त हुने आय तर्फ-

| | | | |
|---|---|---|---|
| १ | सशर्त अनुदान - नेपाल सरकार | ३९५३०० | |
| २ | सशर्त अनुदान - प्रदेश सरकार | २५०९५ | |
| ३ | समपूरक अनुदान नेपाल सरकार | | |
| ४ | समपूरक अनुदान प्रदेश सरकार | १५५०० | |
| ५ | विशेष अनुदान नेपाल सरकार | २४००० | |
| ६ | विशेष अनुदान प्रदेश सरकार | ८००० | |
| | जम्मा (ख) | ४६७८९५ | |
| | कूल जम्मा आय (क+ख) | ८१५०००।३५ | |

कूल व्यय तर्फः

(क) गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने व्यय तर्फ-

| सि.नं. | व्यय शीर्षक | अनुमानित रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च | १२५००० | |
| २ | आर्थिक विकास तर्फ | १८०६० | |
| ३ | सामाजिक विकास तर्फ | ८५६७५।३५ | |
| ४ | पुर्वाधार विकास तर्फ (भुक्तानी दिन बाँकी | १००००० | |

| | | | |
|---|---|---|---|
| | सहित) | | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | ४१५० | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | ८७२० | |
| ७ | वडागत सिलिङ (११ वटै वडा) | ५५०० | |
| जम्मा (क) | | ३४७१०५।३५ | |

**(ख) नेपाल/प्रदेश सरकारबाट प्राप्त हुने व्यय तर्फ-**

| | | | |
|---|---|---|---|
| १ | सशर्त अनुदान - नेपाल सरकार | ३९५३०० | |
| २ | सशर्त अनुदान - प्रदेश सरकार | २५०९५ | |
| ३ | समपूरक अनुदान नेपाल सरकार | ० | |
| ४ | समपूरक अनुदान प्रदेश सरकार | १५५०० | |
| ५ | विशेष अनुदान नेपाल सरकार | २४००० | |
| ६ | विशेष अनुदान प्रदेश सरकार | ८००० | |
| जम्मा (ख) | | ४६७८९५ | |
| | कूल जम्मा व्यय (क+ख) | ८१५०००।३५ | |

गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने माथि उल्लिखित विषयक्षेत्रगत बजेट सिलिङभित्रका विभिन्न क्रियाकलापहरु विनियोजन विधेयकको दफावार छलफलमा प्रस्तुत गरिने व्यहोरा सभा समक्ष जानकारी गराउँदै म विदा हुन चाहन्छु। धन्यवाद। जय तीनपाटन।

(धनबहादुर पुलामी "अशोक")
उपाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुली
मितिः २०८१।०३।१०